"स्वच्छ, सुन्दर, सुसंस्कृत इलाम"
पर्यटकीय नगरी इलाम

# इलाम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

भानुपथ, इलाम

**Ilam Municipality**

**Office of the Municipal Executive**

Green Ilam

१ नं. प्रदेश, नेपाल

प.सं. : नक्सापास शाखा(        )०७८।०७९
च.न २६११

मिति: २०७८।१२।२९

**विषय : सूचना ।**

इलाम नगरपालिका, नगर कार्यपालिकाको मिति २०७८।१२।२४ गतेका दिन बसेको बैठकबाट इलाम नगरपालिका वडा नं. ६, ७, ८ र ९ भित्र पर्ने मेची राजमार्गसँग दायाँबायाँ जोडिएका जग्गामा निर्माण भइसकेका संरचनाहरुको निम्नानुसारको शर्त परिपालना गर्ने गरी सम्बन्धित वडा कार्यालयको सिफारिससहित अभिलेखीकरणको प्रक्रियामा आउन सम्बन्धित सबैमा ३० दिने सूचना प्रकाशन गर्ने र ३० दिने सूचनाको म्याद नाघी आएका निवेदनहरुमा कारवाही नहुने व्यहोरा समेत जानकारी गराउने निर्णय भएको हुनाले मेची राजमार्गको दायाँबायाँ जोडिएका जग्गामा निर्माण भइसकेका घरधनीहरुले **मिति २०७९।१।४ देखि लागू हुने गरी ३० दिन भित्रमा** यस कार्यालयमा आवेदन दर्ता गराउन हुन सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ । अभिलेखीकरण आवेदन फाराम यस कार्यालयको राजश्व शाखाबाट प्राप्त गर्न सकिनेछ ।

इलाम नगरपालिका वडा नं.१,३, ४, ५, १० भित्र पर्ने मेची राजमार्गसँग दायाँबायाँ जोडिएको जग्गामा निर्माण भइसकेको संरचनाहरुको हकमा भने साविकको व्यवस्था अनुसार अभिलेखीकरणको कार्य भइरहेको हुनाले यस सूचनामा तोकिएको समयावधि भित्रै आवेदन दर्ता गराउन हुन समेत अनुरोध छ ।

**निम्नः**

- अभिलेखीकरण गराउने संरचना मेची राजमार्गको केन्द्रबाट १५ मिटरदेखि अनिवार्य बाहिर हुनुपर्ने ।
- एलिभेसनसहितको एज विल्ट फ्लोर प्लान (हाल फिल्डमा जस्तो छ त्यस्तै संरचना/ ड्रइङ्ग) सहित सूचनाको म्याद भित्र अभिलेखीकरणको लागि निवेदन दर्ता गरिसक्नुपर्ने ।
- नक्साको साइट प्लानमा प्रस्टसँग हाल भोगचलन गरेको जग्गाको साइटप्लान देखाई सो प्लानमा मेची राजमार्गको हालको केन्द्रबाट सडक अधिकार क्षेत्र १५ मिटरको लाइन र ६ मिटरको सेटब्याकको लाइन प्रस्टसँग देखाएको हुनुपर्ने ।
- एज विल्ट नक्सा हुने हुँदा स्ट्रक्चर ड्रइङ्ग आवश्यक नपर्ने र एज विल्ट नक्सामा भवन सहिता पालना भए नभएको प्रस्ट नभएको भनी प्रष्ट उल्लेख हुनु पर्ने ।
- निर्मित संरचनामा साइड मार्जिन नछोडी झ्याल ढोका राखिएको भए सो ३० दिन भित्रमा बन्द गर्ने गरी स्वयम्घोषणा गर्नु पर्ने ।
- यस संरचनाबाट भविष्यमा कुनै भवितव्य परि भौतिक, मानवीय तथा अन्य क्षति हुन गएमा घरधनी स्वयम्को जिम्मेवारी हुने सडक बिस्तारको कममा आवश्यक परेको समयमा सडक अधिकार क्षेत्र १५ मिटर र सेटब्याक ६ मिटर भित्र निर्माण भएको संरचना (साइड प्लानमा देखाइएको संरचनाको भाग) घरधनी आफैले आफ्नै खर्चमा तुरुन्त हटाउनेछु, यस उपर कही कतै उजुर बाजुर गर्ने छुइन गरेमा यही कागजबाट बदर होस भन्ने व्यहोराको कबुलियतनामा पेश गर्नुपर्ने । उल्लिखित कबुलियतनामाको व्यहोरा अभिलेखीकरण प्रमाण पत्रमा उल्लेख गरिने ।
- प्रचलित ऐनको प्रावधानबमोजिम नक्सापाससँग सम्बन्धित राजश्व दस्तुर हालको नियमित दस्तुरलाई हिसाव गरी ३ गुणाले हुन आउने राजश्व रकम असूल गरिने ।
- अभिलेखीकरणको लागि म्याद भित्र दर्ता भएका आवेदनहरु जाँचबुझ गरी सोको प्रक्रिया शुरु गरी उपयुक्त समयमा सरजमिन गरी अभिलेखीकरणको प्रमाणपत्र प्रदान गरिने, सरजमिनमा चारैतर्फका सधियारलाई उपस्थित गराउने (उपस्थित हुन नसकेका सधियारको लिखित पत्र वा इमेल वा फ्याक्स आवश्यक हुने) दायित्व आवेदककै हुने ।
- अभिलेखीकरणको यस विधि निर्माण भइसकेका संरचनाको हकमा मात्र लागू हुने र नयाँ निर्माण हुने संरचना तथा भवनको हकमा प्रचलित कानुनबमोजिमको नक्सापास प्रक्रिया पूरा गर्नु पर्ने ।
- अभिलेखीकरणको प्रक्रियामा आएका आवेदकहरुको विवरण नक्सापास शाखा र राजश्व शाखा/वडा कार्यालयको सम्पत्तिकर फायलमा अभिलेख राखिने ।
- सूचनाको म्याद गुज्रिएपश्चात मेची राजमार्गले छोएका नगरपालिकाका सबै वडाहरुमा १५ मिटर सडक अधिकार क्षेत्र र सेटब्याक ६ मिटर नछोडी निर्माण भएका कुनै पनि भवन संरचनाहरुको अभिलेखीकरणको कार्य नगरिने ।

०७८।१२।२९

...ली बहादुर भुजेल
...मुख प्रशासकीय अधिकृत